**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी**
**माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठ**

# फैसला

**०७५-WO-०७७७**

**मुद्दाः- उत्प्रेषणयुक्त परमादेश।**

सर्लाही जिल्ला, साविक खैर्वा गा.वि.स. वडा नं. ९ हाल रामनगर गाउँपालिका वडा नं. २ घर भई जनचेतना प्रा.वि. देउरा बझाङमा प्रा.शि. द्वितीय शिक्षक पदमा कार्यरत तेज नारायण राय ................................ १ निवेदक

**विरुद्ध**

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार काठमाडौं.......................................................................... १
सचिव शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार काठमाडौं .......... १
शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुर ..................... १
विद्यालय शिक्षक कितावखाना, म्यूजियम मार्ग, ताहाचल काठमाडौं.......... १ विपक्षी
शिक्षा विकास तथा समन्वय इकाई कार्यालय, बझाङ ......................... १
जनचेतना प्रा.वि. देउरा, बझाङ .................................................... १
केदारस्यु गाउँपालिकाको कार्यालय, बझाङ ....................................... १

नेपालको संविधानको धारा १३३ (२) र (३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् यस अदालतबाट भएको आदेश यसप्रकार रहेको छः-

**रिट निवेदनको संक्षिप्त व्यहोरा**

१. म रिट निवेदक शिक्षा मन्त्रालय अन्तर्गत मिति २०४३।०७।०४ मा प्राथमिक विद्यालयको अस्थायी तथा मिति २०४६।०३।०७ मा स्थायी नियुक्ति भई निष्ठापूर्वक आफ्नो कर्तव्य पालना गरी आएको राष्ट्र सेवक हुँ। भुवनेश्वरी नि.मा.वि.

वमौरमा कार्यरत रहेकै अवस्थामा मिति २०६६।११।१५ मा अजय सहनीको मृत्यु भएको विषयलाई लिई मिति २०६८।०९।१९ गते मलाई पक्राउ गरी थुनामा राखिएको, उक्त मुद्दामा सर्लाही जिल्ला अदालतबाट मिति २०७१।०७।२७ मा मुलुकी ऐन, ज्यान सम्बन्धीको १३(३) नं. अनुसार जन्म कैदको फैसला भएको र उक्त फैसला विरुद्ध साविकको पुनरावेदन अदालत जनकपुरमा पुनरावेदन गरेकोमा फैसला उल्टी भई म निवेदकले अभियोग दावीबाट सफाई पाउने ठहरी फैसला भएकोमा महान्यायाधिवक्ताको कार्यालयको पत्रमार्फत जिल्ला सरकारी वकीलको कार्यालय, सर्लाहीलाई नेपाल सरकार प्रतिवादी तेज नारायण राय समेत भएको कर्तव्य ज्यान मुद्दाको फाईल सरकारी वकील सम्वन्धी नियमावली, २०५५को नियम २०(२) अनुसार महान्यायाधिवक्ताज्यूबाट मिति २०७४।०२।२१ मा पुनरावेदन नगर्ने गरी निकासा भएको व्यहोराको पत्र पठाई बोधार्थ पुनरावेदन सरकारी वकीलको कार्यालय जनकपुरलाई दिएको अवस्था थियो। यसरी उक्त मुद्दामा म निर्दोष भई सफाई पाई मुद्दा अन्तिम रहे भएको अवस्था हो। अभियोग दावीबाट सफाइ पाएपश्चात् जिल्ला शिक्षा कार्यालय, बझाङले मिति २०७४।०८।०१ मा हाजिर हुन जाने भनी पत्राचार गरेको थियो।

शिक्षा ऐन, २०२८ को दफा १६ट मा “तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने सम्बन्धमा दफा १६छ. मा उल्लिखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन" भन्ने व्यवस्था भएकोले सोही दफालाई समातेर मेरो तलव भत्ता नपाउने र सेवा अवधि समेत गणना नहुने भनी निर्णय भएको भनिएको छ, तर म त्यतिबेला फौजदारी मुद्दा चली निलम्बनमा परेकोमा अभियोग दावीबाट सफाई पाई शिक्षा ऐन, २०२८ को दफा १६छ मा "अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने" भनी उपदफा (१) मा “विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बरखास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा

पुनः बहाली हुन सक्नेछ। उपदफा (२) मा "उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनः बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ" भन्ने व्यवस्था आकर्षित हुने हुँदा निलम्बनमा परेको अवधिको तलब भत्ता, सेवा सुविधा तथा समयावधि गणना नहुने भन्ने अवस्था छैन।

अतः सम्मानित अदालतबाट नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम असाधारण अधिकार क्षेत्र ग्रहण गरी म निवेदकलाई संविधान र प्रचलित कानूनद्वारा प्रद्धत्त हकहितको प्रतिकूल हुने गरी सुनवाईको मौका समेत नदिई, गैर कानूनी एवम् स्वेच्छाचारी ढंगबाट मिति २०७५।०६।२३ मा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (सचिवस्तर) बाट भएको निर्णय एवम् पत्राचार लगायतका काम कामकारवाहीहरु उत्प्रेषणको आदेशद्धारा बदर गरी म निवेदकलाई निलम्वनमा परेको अवधिको सेवा सुविधा दिनु, निलम्बनमा राखेदेखी पदवहाली नहुँदासम्मको तलब भत्ता लगायतका अन्य सबै सुविधा दिनु एवम् सेवा अवधि समेत गणना गर्नू भनी विपक्षीहरूका नाममा परमादेश लगायत उपयुक्त आदेश जारी गरिपाउँ भन्ने समेत व्यहोराको **निवेदक तेज नारायण रायको तर्फबाट मिति २०७५।११।०५ मा यस अदालतमा पेश भएको निवेदन।**

<u>कारण देखाउ आदेश</u>

२. यसमा के कसो भएको हो निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो आदेश जारी हुन नपर्ने भए आधार कारण सहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र विपक्षी नं. १, २, ३, ४ र ५ का हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत र अन्य विपक्षीहरुका हकमा आफैं वा आफ्नो प्रतिनिधि मार्फत लिखित जवाफ पेस गर्नु भनी आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना पठाई लिखित जवाफ परे वा अवधि नाघे पछि नियमानुसार पेस गर्नू भन्ने समेत व्यहोराको **यस अदालबाट मिति २०७५।११।०६ मा भएको आदेश।**

## विपक्षीहरुको लिखित जवाफ

३. विपक्षी रिट निवेदक विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त गरिएको शिक्षक नभई फौजदारी अभियोगमा थुनामा रहेकोले निजले सो अवधिको तलब, भत्ता पाउन सक्ने र सेवा अवधि गणना हुन सक्ने अवस्था नरहेकोले यस मन्त्रालयबाट मिति २०७५।६।२३ मा भएको निर्णय कानूनसम्मत भएको प्रष्ट छ। शिक्षा नियमावली, २०५९ को नियम १४१ को उपनियम (२) ले नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको शिक्षक त्यसरी थुनिएको अवधिभर स्वत: निलम्वन भएको मानिने र यसरी निलम्बन हुने शिक्षकले निलम्बन भएको अवधिको तलब, भत्ता नपाउने भनी व्यवस्था गरेको सन्दर्भमा फौजदारी अभियोगमा गिरफ्तार भई थुनामा रहेका रिट निवेदकले थुनामा रहेको अवधिको तलब, भत्ता प्राप्त गर्न नसक्ने हुँदा विपक्षीको रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्ने समेत व्यहोराको **नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा ऐ. का सचिव खगराज बरालसमेतको तर्फबाट मिति २०७५।११।२८ मा यस अदालतमा पेस भएको लिखित जवाफ।**

४. शिक्षा नियमावली, २०५९ नियम १२६ मा भएको व्यवस्था अनुसार सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुको अभिलेख राख्ने र सेवाबाट अवकाश भएपश्चात् निवृत्तभरण लगायतका सुविधा निर्धारण गर्ने भएकाले निज निवेदकको निलम्बन अवधिको तलव, भत्ता पाऊँ भन्ने विषय यस किताबखानाको कार्यक्षेत्र भित्र पर्ने नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत व्यहोराको **विद्यालय शिक्षक किताबखानाको तर्फबाट मिति २०७५।१२।०३ मा पेस भएको लिखित जवाफ।**

५. निज रिट निवेदकको हकमा शिक्षा ऐन, २०२८ को दफा १६छ. बमोजिम विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बरखास्त गरी अदालतको आदेश वा फैसला बमोजिम नोकरीमा पुन: बहाली भएको अवस्था नभई सोही ऐनको दफा १६ट. बमोजिम विद्यालयमा अनुपस्थित रहेको अवधिको तलब भत्ता नपाउने र सेवा अवधि समेत गणना नहुने गरी मन्त्रालयबाट भएको निर्णयका सम्बन्धमा यस केन्द्रलाई विपक्षी बनाइरहनु पर्ने देखिदैंन। मन्त्रालयबाट भएको उक्त निर्णय

कार्यान्वयनको सिलसिलामा यस केन्द्रबाट भए गरेका काम कारवाहीबाट निज रिट निवेदकको कुनै प्रकारको हक अधिकारको हनन भएको छैन। अतः प्रस्तुत रिट निवेदन खारेज भागी छ, खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको **नेपाल सरकार, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको तर्फबाट मिति २०७५।१२।१७ मा पेस भएको लिखित जवाफ।**

**यस अदालतको आदेश:**

६. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत निवेदन सहितको मिसिलसंलग्न कागजातहरु अध्ययन गरियो ।

७. निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्धय श्री हरिहर दाहाल र श्री युवराज भण्डारी तथा विद्वान् अधिवक्ताहरु श्री धिरेन्द्र कुमार मल्लिक र श्री राजु कटुवालले निवेदकले फौजदारी अभियोगबाट सफाइ पाई शिक्षक पदमा पुनःबहाली भइसकेको अवस्था छ। फौजदारी अभियोग लागेको व्यक्तिले सफाइ पाएको अवस्थामा निलम्बन पनि स्वतः फुकुवा हुने र सो अवधिको तलबसमेत पाउने भनी शिक्षा नियमावली, २०५९ को नियम १४१(४) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएको देखिन्छ। कुनै व्यक्ति विरुद्ध मुद्दा दायर भएकै आधारमा निजले तलब भत्ता नपाउने र सेवा अवधि नजोडिने भन्ने हुँदैन। तसर्थ निवेदन माग बमोजिम निलम्बनमा रहेदेखी पदवहाली नहुँदासम्मको तलब, भत्ता लगायतका अन्य सबै सुविधा दिनू एवम् सेवा अवधिसमेत गणना गर्नू भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी गरी पाउँ भनी वहस गर्नुभयो।

८. विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री संगिता न्यौपानेले शिक्षा ऐन, २०२८ को दफा १६छ. बमोजिम अदालतको आदेशले पुनःबहाली भएमा मात्र निलम्बन अवधिको तलब भत्ता पाउनेमा निवेदकका हकमा तलब, भत्ता पाउने अवस्था देखिँदैन। सो ऐनको दफा १६ट. मा बिदा स्वीकृती नगराई बसेको शिक्षकले विद्यालयमा अनुपस्थित भएको अवधिको तलब भत्ता नपाउने र निजको सेवा अवधिसमेत गणना नहुने भन्ने स्पष्ट कानूनी व्यवस्था छ। सो आधारमा समेत विद्यालयमा अनुपस्थित अवधिको तलब भत्ता पाउन सक्दैन। शिक्षा नियमावली,

२०५९ को नियम १४१ को उपनियम (२) ले नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको शिक्षक त्यसरी थुनिएको अवधिभर स्वतः निलम्वन भएको मानिने र यसरी निलम्बन हुने शिक्षकले निलम्बन भएको अवधिको तलब, भत्ता नपाउने भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। निवेदक फौजदारी कसूरको अभियोगमा निलम्बनमा परेकोले निलम्बन अवधिको तलब, भत्ता नपाउने र सो अवधिको सेवासमेत गणना नहुने भनी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्राल (सचिवस्तर) बाट मिति २०७५।६।२३ मा भएको निर्णय कानूनसम्मत भएकोले रिट निवेदन खारेज गरी पाउँ भनी वहस गर्नुभयो।

९. यसमा, रिट निवेदकले आफू मिति २०४६।०३।०७ देखि स्थायी शिक्षकको रुपमा कार्यरत रही आएको अवस्थामा आफू विरुद्ध अजय सहनीको मृत्युमा कर्तव्य ज्यानको मुद्दा चली सर्लाही जिल्ला अदालतबाट कसूरदार ठहरी फैसला भएको र सो फैसला विरुद्ध साविकको पुनरावेदन अदालत जनकपुरमा पुनरावेदन गरेकोमा सुरु फैसला उल्टी भई अभियोग दाबीबाट सफाई पाउने गरी मिति २०७३।८।२२ मा फैसला भएको छ। उक्त फैसलापश्चात् जिल्ला शिक्षा कार्यालय बझाङको मिति २०७४।७।२१ को निर्णयानुसार म निवेदक सेवामा पुनः बहाली भएको हो। यसरी फौजदारी अभियोगबाट सफाई पाइसकेको अवस्थामा निलम्बन अवधि भरको तलब, भत्ता स्वतः पाउनु पर्ने र सेवा अवधिसमेत गणना हुनु पर्नेमा विद्यालयमा अनुपस्थित अवधिको तलब भत्ता नपाउने र सेवा अवधिसमेत गणना नहुने भन्ने शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय (सचिवस्तर) को मिति २०७५।६।२३ को निर्णयले मेरो हक अधिकारमा आघात पुग्न गएकोले उक्त निर्णय बदर गरी निलम्बन अवधिको तलब, भत्ता लगायतका सेवा सुविधा दिनू एवम् सेवा अवधिसमेत गणना गर्नू भनी विपक्षीहरुको नाममा परमादेश समेत जारी गरी पाउँ भन्ने निवेदकको मुख्य निवेदन मागदावी रहेको देखिन्छ भने निवेदक फौजदारी कसूर अन्तर्गत कर्तव्य ज्यान मुद्दामा पक्राउ परी थुनामा रहेको, त्यसरी थुनामा रहेको अवधिभर स्वतः निलम्बनमा रहेको मानिने र सो निलम्बन अवधिको तलब भत्ता नपाउने र सेवा अवधिसमेत गणना नहुने भन्ने व्यवस्था शिक्षा ऐन, २०२८ को दफा १६छ. र १६ट. तथा शिक्षा नियमावली, २०५९ को नियम

१४१ को उपनियम (२) मा उल्लिखित भएको हुँदा निलम्बन अवधिको तलब भत्ता नपाउने र सेवा अवधिसमेत गणना नहुने भनी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालबाट मिति २०७५।६।२३ मा भएको निर्णय कानूनसम्मत भएकोले प्रस्तुत निवेदन खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको विपक्षीहरुको छुट्टाछुट्टै लिखित जवाफ रहेको देखियो।

१०. उल्लिखित निवेदन व्यहोरा र लिखित जवाफ रहेको प्रस्तुत रिट निवेदनमा दुवै पक्षको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु, विद्वान् अधिवक्ता तथा विद्वान् उपन्यायाधिवक्ताको तर्कपूर्ण बहस जिकिर सुनी निवेदकको माग बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन? सो सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

११. अब निर्णयतर्फ विचार गर्दा, निवेदक तेज नारायण राय शिक्षक पदमा कार्यरत रहँदैको अवस्थामा निजउपर फौजदारी कसूर अन्तर्गत कर्तव्य ज्यानको अभियोग लागी पक्राउ परेको र सो को परिणाम स्वरुप निज विद्यालयमा उपस्थित हुन नसकेको तथ्यमा विवाद भएन। उक्त मुद्दामा शुरु सर्लाही जिल्ला अदालतले निजलाई कसूरदार ठहऱ्याई फैसला गरेको र उक्त फैसलामा चित्त नबुझाई निजले साविकको पुनरावेदन अदालत जनकपुरमा पुनरावेदन गरेकोमा उक्त अदालतबाट शुरु फैसला उल्टी भई यी निवेदकले अभियोग दाबीबाट सफाई पाउने ठहरी फैसला भएको देखिन्छ। सो फैसलापश्चात् जिल्ला शिक्षा कार्यालय बझाङको मिति २०७४।७।२१ को निर्णयानुसार निज निवेदकलाई सेवामा पुनः बहाली गराएको तथ्यमा पनि विवाद छैन। यसरी अभियोग दावीबाट सफाई पाई शिक्षक पदमा पुनः बहाल भए पश्चात् निवेदकले निलम्बन अवधिको तलब भत्ता लगायतका सेवा सुविधा उपलब्ध गराई पाउँ भनी दिएको निवेदनमा शिक्षा ऐन, २०२८ को दफा १६छ. र १६ट. समेतका आधारमा निवेदकलाई सेवा सुविधा उपलब्ध गराउन र निजको सेवा अवधि गणना गर्न समेत नमिल्ने भनी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालबाट मिति २०७५।०६।२३ मा निर्णय भएको देखिन्छ। निवेदकले आफूले अभियोग दावीबाट सफाई पाई शिक्षक पदमा पुनः बहाली भएकोले

निलम्बन अवधिको तलब भत्ता स्वतः पाउने र सेवा अवधिसमेत गणना हुनु पर्ने भन्ने दाबी लिई प्रस्तुत निवेदन दायर गरेको देखिन्छ।

१२. अब, फौजदारी अभियोगको कसूरमा विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अभियोग दावीबाट सफाई पाएमा सो अवधिको तलब भत्ता नपाउने के हो? सो सम्बन्धी कानूनी व्यवस्था हेर्नु पर्ने देखियो। सो सम्बन्धमा शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ मा भएको व्यवस्था हेर्दा सेवाबाट हटेको वा निलम्बनमा रहेको शिक्षक दुई प्रक्रियाबाट पुनः बहाली हुने देखिन्छ। <u>पहिलोः</u> शिक्षा ऐन, २०२८ को दफा १६छ. को उपदफा (१) बमोजिम विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षकको हकमा अदालतको आदेश वा फैसला बमोजिम नोकरीमा पुनःबहाली हुन सक्ने अवस्था देखिन्छ भने <u>दोस्रोः</u> शिक्षा नियमावली, २०५९ को नियम १४१ को उपनियम (२) बमोजिम नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको शिक्षक त्यसरी थुनिएको अवधिभर स्वतः निलम्बन भएकोमा ऐ. नियमको उपनियम (४) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सो अभियोगबाट सफाई पाए पछि पुनः बहाली हुने भन्ने कानूनी व्यवस्था देखिन्छ। साथै पहिलो प्रक्रिया अर्थात विभागीय सजायबाट हटाइएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश बमोजिम सेवामा पुनःबहाली भएमा निजले शिक्षा ऐन, २०२८ को दफा १६छ. को उपदफा (२) बमोजिम नोकरीबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने व्यवस्था देखिन्छ भने शिक्षा नियमावली २०५९, को नियम १४१(२) बमोजिम फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको शिक्षकका हकमा ऐ. नियमको उपनियम (४) को प्रतिबन्धात्मक वाक्यांशमा "तर त्यसरी लागेको अभियोग प्रमाणित नभई कुनै शिक्षकले सफाइ पाएमा निजले निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कटाई बाँकी तलब र त्यस्तो आधा तलब नपाएको भए पूरै तलब पाउने छ" भन्ने व्यवस्था अनुसार अभियोग दावीबाट सफाई पाएमा "स्वतः निलम्बन" मा परेको अवधिको समेत तलब पाउने भन्ने व्यवस्था देखिन आयो।

१३. उल्लिखित कानूनी व्यवस्था हेर्दा, विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसलाबाट मात्र नोकरीमा पुनः बहाली हुन सक्ने र त्यसरी पुनःबहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको अवधिको पूरा तलब, भत्ता र तलब बृद्धि पाउने व्यवस्था देखिन्छ भने कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको शिक्षकको हकमा त्यसरी थुनिएको अवधिलाई स्वतः निलम्बनमा परेको मानिने र उक्त अभियोगबाट सफाई पाएमा त्यस्तो निलम्बन पनि "स्वतः" समाप्त हुने र निलम्बन अवधिको तलब पाउने भन्ने कानूनी व्यवस्था देखियो। यस स्थितिमा निवेदकले निज उपरको अभियोगबाट सफाई नै पाइसकेको अवस्थामा ऐनको दफा १६छ. बमोजिम अदालतको आदेश वा फैसलाले पुनः स्थापना नभएको भनी तलब, भत्ता नपाउने भन्नु उचित देखिएन। निलम्बन वा अवकाश र सेवामा पुनः बहाली सम्बन्धी कानूनका दुई व्यवस्थालाई अलग-अलग रुपमा हेर्नु पर्ने देखियो। उल्लिखित कानूनी व्यवस्थाको आलोकमा ऐनको दफा १६ट. मा उल्लिखित "नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता नपाउने र त्यस्तो अवधि निजको सेवामा गणना नहुने" भन्ने कानूनी व्यवस्थालाई हेर्दा कुनै मुद्दा चली थुनामा रहेको वा फौजदारी अभियोगको कारण निलम्बन भई विद्यालयमा उपस्थित हुन नसकेको शिक्षकका हकमा बिदा स्वीकृत नगराई विद्यालयमा अनुपस्थित रहेको भनी तलब भत्ता नपाउने वा निजको सेवा अवधि गणना नहुने भन्नु तर्कसम्मत र उल्लिखित कानूनी व्यवस्था अनुकूल समेत हुने देखिएन। नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षकको हकमा मात्र लागू हुने ऐनको दफा १६छ. को व्यवस्था फौजदारी अभियोग लागी स्वतः निलम्बन भएका नियम १४१(२) बमोजिमका शिक्षकका हकमा समेत लागू हुने अवस्था देखिएन। उल्लिखित कानूनी व्यवस्था हेर्दा नैतिक पतन देखिने फौजदारी अभियोगमा थुनामा रहेको शिक्षकले सो अभियोगबाट सफाई पाएमा पदमा पुनः बहाली हुने र पूरै तलब पाउने देखिन आयो।

१४. यसै सन्दर्भमा समान प्रकृतिको विषयवस्तु सम्मिलित निवेदक दण्डपाणी ढकाल विरुद्ध विपक्षी नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय काठमाडौंसमेत भएको ०७७-WF-०००४ नं. को उत्प्रेषण/परमादेश मुद्दामा यस अदालतको पूर्ण इजलासबाट "*नैतिक पतन देखिने फौजदारी अभियोगमा थुनामा रहेको शिक्षक सो अवधिभर स्वतः निलम्बन भई निजले उक्त अवधिको तलब भत्ता नपाउने तर त्यस्तो अभियोगबाट सफाइ पाएमा निलम्बन समाप्त भएको आफ्नो पदमा पुनः स्थापित हुने र पूरै तलब पाउने*"[1] भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। उक्त सिद्धान्त समेतका आधारमा यी निवेदक तेज नारायण राय उपर कर्तव्य ज्यान मुद्दा चली स्वतः निलम्बन भएकोमा निजले सो मुद्दाबाट सफाई पाएको अबस्थामा निजको निलम्बन समाप्त भई सो निलम्बन भएको अवधिको तलब समेत पाउने नै देखियो। यसस्थितिमा नेपाल सरकार आफैंले अभियोग दायर गरी मुद्दाको रोहबाट भएको निलम्बनलाई बिदा स्वीकृत नगराई विद्यालयमा अनुपस्थित रहेको भनी अनुपस्थित अवधिको तलब भत्ता उपलब्ध गराउन नमिल्ने भनी नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (सचिवस्तर) बाट मिति २०७५।६।२३ मा भएको निर्णय कानूनसम्मत नभई बदर हुनुपर्ने देखिन आयो।

१५. जहाँसम्म सेवामा पुनःबहाली भएपछि आफूले निलम्बन अवधिको तलब भत्ता लगायतका सबै सुविधा पाउनु पर्ने भन्ने निवेदन जिकिर छ सो सम्बन्धमा हेर्दा, शिक्षा ऐन, २०२८ को दफा १६छ. (२) मा विभागीय सजाय गरी नोकरीबाट हटाइएको अवस्थामा नोकरीमा पुनः बहाली भएमा "नोकरीबाट हटेदेखि पुनः बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ" भन्ने व्यवस्था देखिन्छ भने शिक्षा नियमावली, २०५९ को नियम १४१(४) को प्रतिबन्धात्मक वाक्यांशमा फौजदारी अभियोग लागी थुनामा परी स्वतः निलम्बन भएका शिक्षकले अभियोग दावीबाट सफाई पाएमा "........निजले निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कटाई बाँकी तलब र त्यस्तो आधा तलब नपाएको भए पूरै तलब पाउनेछ" भन्ने उल्लेख भएको देखिँदा

[1] ने.का.प. २०७८, अंक ६, नि.नं. १०६७४

त्यसरी स्वतः निलम्बनमा परेका शिक्षकले फौजदारी अभियोगबाट सफाई पाई सेवामा पुनः बहाली भएमा "पूरा तलब" पाउने देखियो। तर ऐनको दफा १६छ.(२) मा जस्तो भत्ता र तलब वृद्धि लगायतका सुविधा पाउन सक्ने देखिएन। कानूनले स्पष्टतः यी दुई प्रक्रियाबाट निलम्बन वा अवकाशमा परी पुनः बहाली भएका शिक्षकले निलम्बन अवधिको पाउने तलब सुविधाका सम्बन्धमा फरक फरक व्यवस्था गरेको देखिँदा शिक्षा नियमावली, २०५९ को नियम १४१(४) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सेवामा पुनस्थापित शिक्षकले समेत शिक्षा ऐन, २०२८ को दफा १६छ.(२) बमोजिम पुनस्थापित शिक्षकले सरह तलब, भत्ता र तलब वृद्धि पाउन सक्ने अवस्था नदेखिँदा सो हदसम्म निवेदन जिकिर तथा निवेदकका तर्फबाट उपस्थित विद्धान् वरिष्ठ अधिवक्ता र विद्धान् अधिवक्ताहरुको बहस जिकिरसँग सहमत हुन सकिएन।

१६. तसर्थ, माथि विवेचित आधार, कारण, कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतबाट यी निवेदक फौजदारी अभियोगमा थुनामा परी निलम्बन भएको र अभियोग दावीबाट सफाइ पाए पश्चात् शिक्षक पदमा पुनः बहाली भएको अवस्थामा उक्त निलम्बन अवधिको तलब, भत्ता उपलब्ध गराउन नमिल्ने भनी नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (सचिवस्तर) बाट मिति २०७५।६।२३ मा भएको निर्णय सम्बन्धित कानूनी व्यवस्था अनुकूल नदेखिँदा उत्प्रेषणको आदेशले बदर हुन्छ। साथै निवेदकले उक्त निलम्बन अवधिको तलब, भत्तालगायतका सम्पूर्ण सुविधा उपलब्ध गराउन परमादेश जारी गरिपाउँ भनी माग गरेको भए तापनि शिक्षा नियमावली, २०५९ को नियम १४१ को उपनियम (४) को प्रतिबन्धात्मक वाक्यांशमा अभियोग दावीबाट सफाई पाई सेवामा पुनः बहाली भएका शिक्षकले निलम्बन रहेको अवधिको तलबसम्म पाउने देखिँदा सो बमोजिम यी निवेदकलाई उक्त निलम्बन अवधिको तलबसम्म उपलब्ध गराउनु र कानूनले सो अवधिलाई निजको सेवामा गणना नहुने भनी बाहेक गरेको नदेखिँदा निलम्बनको अवधिलाई समेत निजको सेवा अवधिमा गणना गर्ने गरी अभिलेख राख्नू भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने ठहर्छ।

१७. प्रस्तुत फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीलाई दिई रिट निवेदनको दायरीको लगत कट्टा गरी फैसलाको विद्युतीय प्रति यस अदालतको मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार बुझाई दिनू।

(नहकुल सुवेदी)
न्यायाधीश

उक्त रायमा सहमत छु।

(तिल प्रसाद श्रेष्ठ)
न्यायाधीश

इजलास अधिकृत : हरिकुमारी घर्तीमगर
कम्प्यूटर अपरेटर : जगदिश दर्जी
इति सम्वत् २०८२ साल वैशाख २२ गते रोज २ शुभम्----------------------।